# कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजना अन्तरगत घुम्ती कोष संचालन कार्यक्रम कार्यबिधि २०८२

**प्रस्तावना:**

शुक्लागण्डकी नगरपालिकाको कृषि क्षेत्रलाई व्यवस्थित व्यवसायिक र आत्मनिर्भर बनाउने दीर्घकालीन उद्धेश्यका साथ **"कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजना"** साझेदारीमा मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम मार्फत शुक्लागण्डकी नगरपालिकालाई कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरणका माध्यमबाट कृषिमा आत्मनिर्भर बनाई सम्बृद्ध शुक्लागण्डकीका लागि कृषकसंग उत्पादित बस्तु विउपुजी पेश्की घुम्ती कोष (Revolving Fund) सञ्चालन गरी बजारीकरण गर्ने उद्धेश्यले "कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजना अन्तरगत घुम्ती कोष संचालन कार्यक्रम कार्यबिधि, २०८२" तयार गरि स्वीकृत गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजना अन्तरगत घुम्ती कोष संचालन कार्यक्रम कार्यबिधि २०८२" रहेको छ।

२) यो कार्यबिधि स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार / प्रदेश सरकार / स्थानिय सरकारका निकायमा दर्ता भएका संस्था सम्झनुपर्छ।

ख) "कार्यक्रम" भन्नाले शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट संचालन गरिने संस्था मार्फत घुम्ती कोष संचालन कार्यक्रम सम्झनुपर्छ।

ङ) "प्रस्ताव" भन्नाले संस्थाहरूले कार्यालयमा पेश गरेको योजना प्रस्तावलाई सम्झनुपर्छ।

च) "नगरपालिका" भन्नाले शुक्लागण्डकी नगरपालिका सम्झनुपर्छ।

छ) "कार्यालय" भन्नाले शुक्लागण्डकी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

ज) "छनौट समिति" भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(झ) "विउपुजी अनुदान" भन्नाले संस्था मार्फत घुम्ती कोष संचालन कार्यक्रमबाट प्राप्त हुने घुम्ति कोष रकम सम्झनु पर्नेछ।

(ञ) "कृषक" भन्नाले कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजना अन्तरगत घुम्ती कोष संचालन कार्यक्रममा संलग्न कृषकहरुलाई जनाउनेछ।

## परिच्छेद- २
## संस्था मार्फत घुम्ती कोष संचालन कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

३. संस्था मार्फत घुम्ती कोष संचालन कार्यक्रम

(१) कार्यालयले नगरपालिका भित्र संचालनमा रहेका कृषि सहकारी अथवा अन्य संस्थाहरू मध्येबाट व्यवस्थित व्यवस्थापन भएका संस्था छनौट गरी विउपुजी घुम्ती कोष संचालन कार्यक्रम संचालन गर्नेछ।

(२) तपशिल बमोजिमका मापदण्ड पुगेका सस्थाहरूले संस्था घुम्ती कोष संचालन कार्यक्रममा सहभागि हुन सक्नेछन।

क) प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि, पशुपालन, एकल तथा बहुउदेश्यीय, दुग्ध लगायतका सहकारी तथा अन्य संस्थाहरू।

ख) यस्तो संस्था बिगत १ वर्ष वा सुचना प्रकाशन गरेको मिति भन्दा अगाडि नै दर्ता भएको हुनुपर्ने छ ।

ग) संस्थाहरूले प्रचलित कानुन बमोजिम पान नम्बर लिएको हुनुपर्दछ ।

ङ) संस्थाहरूले गैर कानुनी काम नगरेको र कुनै सजाय नभोगेको हुनुपर्दछ ।

च) प्रचलित कानुन तथा मापदण्ड बमोजिम काम गरेको हुनुपर्दछ ।

छ) संस्था संचालन प्रभावकारी व्यवस्थापन गरी सामाजिक सम्मान र ख्याती आर्जन गरेको हुनुपर्दछ ।

ज) कृषि उत्पादनलाई बजारीकरण गरी किसानको आर्थिक उन्नती गर्ने तथा कोष बृद्धि गरी कृषकहरुको आय बढाउने मूल उद्वेश्य हुनुपर्दछ ।

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

४. संस्था छनोटका मापदण्डहरू:

कुनै पनि संस्थाले विउपुजी घुम्ती कोष संचालन कार्यक्रमबाट अनुदान प्राप्त गर्नका लागि अनुसूची १ बमोजिम प्रकाशित सूचनामा परेका आवेदन परिच्छेद ३ (८) बमोजिमको समितिले परियोजना प्रस्तावना मुल्यांकन गरी संस्था छनौट गर्नेछ ।

५. संस्थाले घुम्ती कोष संचालन कार्यक्रमबाट तपसिलका क्रियाकलाप अनिवार्य गर्नुपर्नेछ ।

क) शुक्लागण्डकी नगरपालिका वडा नं ५ स्थित कृषि उपज संकलन केन्द्रमा सक्षम व्यवस्थापक सहित कृषि उपज खरिज तथा विक्रि स्टल संचालन गर्नुपर्नेछ ।

ख) संस्था आफूले निर्धारण गरेको मूल्यमा नगरपालिकाका नागरिक कृषकले उत्पादन गरेको बजरीकरण योग्य जुनसूकै वस्तु जतिसूकै परिमाणमा भएपनि खरिद गरी तत्काल सानो नगदी कोषबाट कृषकलाई बस्तुको मूल्य भुक्तान गर्नुपर्नेछ ।

ग) संस्थाले कृषकबाट दफा ख) बमोजिम खरिद गरेको वस्तुमा नाफा समेत जोडी तत्काल सोही स्टलबाट उपभोक्ता सेवाग्राही तथा अन्य फूटकर व्यवसायीलाई विक्री गरी प्राप्त रकम घुम्ती कोषमा जम्मा गर्नुपर्नेछ ।

घ) उपदफा ख) बमोजिम खरिद गर्दा तिरेको मूल्य र उपदफा ग) बमोजिम विक्रि गर्दा प्राप्त गरेको नाफा सम्बन्धी राखीएको व्यवस्थित हिसाब प्रत्येक १५ (पन्ध्र) दिनमा नगरपालिकाको आ.ले.प. शाखाबाट आन्तरिक लेखा परीक्षण गरिने छ । लेखा परीक्षणमा कुनै कैफियत भेटिएमा तुरुन्त सच्याउन लगाईनेछ । बाध्यात्मक परिस्थिति बाहेक घुम्ती कोष घट्ने क्रियाकलाप भएको खण्डमा छनौट भएको संस्थासंगको सम्झौता तोडी सो संस्थामा रहेको घुम्ती कोष सहित वैकल्पिक संस्थामा स्थानान्तरण गरी नगरपालिकाले संचालन गर्न सम्झौता गर्न सक्ने छ ।

६. संस्था मार्फत विउपुजि घुम्ती कोष कार्यक्रम सञ्चालन प्रक्रिया तपशिल बमोजिम गर्न सकिनेछ ।

(१) संस्था छनोटगर्न अपनाइने प्रक्रिया :

क) विउपुजी घुम्ती कोष कार्यक्रमको सञ्चालन संस्था आफैले गर्नुपर्नेछ । संस्थाले कार्यक्रम सञ्चालनका लागि अनुसूची २ - बमोजिमको ढाँचामा प्रस्ताव सहित आवेदन पेश गर्नु पर्नेछ ।

ख) संस्थाले विउपुजी घुम्ती कोष कार्यक्रमबाट घुम्ती कोष रकम पाउनका लागि आबेदनका साथमा कार्यक्रमबाट उपलब्ध गराइएको कुल घुम्ती कोष विउपुँजी रकममा संस्थाको तर्फबाट दुई किस्तामा १०% रकम अनिवार्य रुपमा सोही खातामा राख्ने प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

७. कृषकलाई रकम भुक्तानी गर्ने प्रक्रिया:

क) घुम्ती कोष रकम प्राप्त गर्ने संस्थाहरुले आफुले प्राप्त गरेको रकमबाट नगरपालिका क्षेत्रमा उत्पादित कृषि तथा पशुजन्य उत्पादनका सामाग्री छनौट भएको संस्था आँफैले तोकेको मुल्यमा खरिद गर्नुपर्नेछ । यसरी खरिद पश्चात घुम्ति कोषबाट रकम भुक्तानी गरि उक्त वस्तुको नाफा सहित बिक्री पश्चात घुम्तीकोषमा रकम सोधभर्ना गर्नुपर्नेछ ।

ख) कृषकले उत्पादन गरेका वस्तुहरु तोकिएका स्थानबाट खरिद तथा बिक्रि गर्नुपर्नेछ । हाललाई खरिद विक्री गर्ने स्थान शु.न.पा. ५ स्थित कृषि उपज संकलन केन्द्र रहने छ ।

...प्रमुख प्रशासकीय अधिकृत

ग) उत्पादक किसान, किसान समूह वा संस्थाले उत्पादन स्थलबाट कृषि उपज संकलन स्थलसम्म कृषि सामाग्री ढुवानी गर्न माग भई आएमा छनौट भएको संस्थाको प्रयोगका लागि नगरपालिकाले कृषि एम्बुलेन्स उपलब्ध गराउनेछ।

घ) छनौट भएका संस्थाले शु.न.पा. वडा नं. ५ स्थित कृषि उपज संकलन केन्द्रका अतिरिक्त पोखराको उपयुक्त स्थानमा शुक्लागण्डकी सस्तो पसल संचालन गर्न सक्नेछन। सो कामका लागि न.पा. ले कृषि एम्बुलेन्स उपलब्ध गराउनेछ।

## परिच्छेद-३
## संस्था मार्फत घुम्ती कोष संचालन कार्यक्रम छनौट समितिको गठन सम्बन्धि व्यवस्था

८. छनौट समिति र रकम उपलब्ध गराउने प्रक्रिया :

(१) संस्था मार्फत बिउ पुजि घुम्ती कोष कार्यक्रम संचालनका लागि संस्था छनौट गर्न तथा घुम्ती कोषमा रकम राख्न नगरपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ।

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उप – प्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ङ) सुशासन समितिको संयोजक | सदस्य |
| च) प्रशासन शाखा प्रमुख | सदस्य |
| छ) आर्थिक प्रशासन शाखाका प्रमुख | सदस्य |
| ज) कार्यक्रम हेर्ने फोकल पर्सन | सदस्य सचिव |

(२) छनौट भएका प्रत्येक संस्थालाई स्वीकृत परियोजना प्रस्ताव बमोजिम १० लाखको घुम्ती कोष खडा गर्न नगर कार्यपालिकालाई सिफारिश गर्नेछ। कार्यपालिकाबाट निर्णय भए बमोजिम संस्था आफैले संचालन गर्ने गरी घुम्तीकोष छुट्टै खाता खडा गरिनेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराईने रकम कार्यपालिकाको निर्णय अनुसार पहिलो पटक रु ५ लाख उपलब्ध गराईनेछ र संस्थाको कामको प्रगती मूल्याङ्कनको आधारमा ३ महिनाभित्र बाँकी रकम उपलब्ध गराईनेछ।

(४) नगरपालिका स्तरमा संस्था छनोट समितिबाट बढिमा २ वटा संस्था छनौट गर्न सकिनेछ।

(५) यस समितिले छनौट भएका २ वटा संस्थाले निर्धारण गरेको कृषकबाट उत्पादित वस्तुहरुको न्युनतम खरिद मूल्यका विषयमा विवाद भएमा दफा ८ (१) बमोजिमको समितिले व्यवस्थापन गर्नेछ।

(६) नगर प्रमुखको संयोजकत्वमा रहेको दफा ८(१) बमोजिमको समितिले कुनै पनि कृषि उपजको साप्ताहिक रुपमा खरिद र विक्री मूल्यको अन्तर (Gap) रकम निर्धारण गर्न सक्ने छ।

(७) छनौट भएका संस्थाले नगरपालिका संग सम्झौता भएका स्थानीय एफ.एम. मार्फत प्रत्येक कृषि उपजको अधिकतम परिमाणको सूचना प्रकाशन गर्न सक्ने छ।

## परिच्छेद ४
## कार्यक्रम कार्यान्वयनब्यवस्था सम्बन्धी प्रतिवेदन तथा मूल्याङ्कन अनुगमन सम्बन्धी व्यवस्था

९. कार्यक्रम अनुगमन समितिको गठनः कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्न नगरपालिकाले आवश्यकता अनुसार अनुगमन समिति गठन गरी नियमित अनुगमन गर्न गराउन सक्नेछ।

१०. यस कार्यक्रमबाट प्रदान गरिएको रकम अन्यत्र वा अन्य कुनै क्षेत्रमा प्रयोग भएमा कानुन अनुसार (सरकारी बाँकी सरह) असुल उपर गरिनेछ।

प्रशासकीय अधिकृत

११ . सस्थाहरुले यस कार्यक्रमबाट सचालन गरिएको कार्यक्रमको प्रगति बिबरण मासिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद ५
## घुम्ती कोष स्थापना र संचालन प्रक्रिया

१२. भुक्तानी सम्बन्धी ब्यवस्थाः

(१) संस्थाहरूबाट प्राप्त प्रस्तावका आधारमा दफा ८ (१) बमोजिमको समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम प्रति संस्था रू १० लाख संस्थाको नाममा विउपुजी घुम्तिकोष रकम पेश्की स्वरुप उपलब्ध गराउनेछ।

(२) संस्थाहरूले घुम्ती कोष कार्यक्रमबाट प्राप्त गरेको कुल रकमको कम्तिमा १० (दस) प्रतिशत संस्थाको तर्फबाट साझेदारी गर्नुपर्नेछ। यसरी घुम्ती कोषमा उपलब्ध गराइएको रकम ५ वर्ष पछि नगरपालिकालाई फिर्ता गर्नु पर्नेछ।

१३. लेखा राख्नुपर्नेः संस्थाले यस कार्यविधि बमोजिम साझेदारीमा काम गर्ने गरी प्राप्त गरेको रकमको विवरण प्रष्ट देखिने गरी प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा दोहोरो लेखा प्रणालीमा आधारित स्रेस्ता राख्नुपर्नेछ। यसरी अनुदान प्राप्त रकमको छुट्टै बैंक खाता र लेखा राख्नुपर्नेछ।

१४. लेखापरीक्षण गराउनुपर्नेः अनुदान प्राप्त संस्थाले नगरपालिकाबाट सूचिकृत दर्तावाल लेखापरीक्षकबाट वार्षिक रुपमा लेखापरीक्षण गरि नगरपालिकालाई प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ। साथै लेखापरीक्षण वापतको रकम संस्था आफैले भुक्तानी गर्नुपर्नेछ।

## परिच्छेद ६
## विविध

१५ .व्याख्या गर्ने अधिकारः यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्मको प्रतिकूल नहुने गरी कार्यालयले कार्यविधिको व्याख्या गरि आवश्यक आदेश जारी गर्न सक्नेछ। यस सम्वन्धमा नगरपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

१६ . प्रचलित कानून लागू हुनेः यस कार्यविधि अनुसार सम्झौता बमोजिमको बार्षिक स्वीकृत कार्यक्रम सञ्चालन गर्ने क्रममा सम्बन्धित संस्थाले प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ तोकिएको कामकाज नगर्ने संस्थालाई प्रचलित कानून वमोजिम कारवाही गरिने छ।

आज्ञाले
शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - १

संस्था मार्फत विउपुजी घुम्ती कोष संचालन कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

## सूचना। सूचना।। सूचना।।।

गण्डकी प्रदेश सरकारबाट आ.व. २०८२/८३ मा स्वीकृत मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तरगत यस नगरपालिकाबाट प्रस्तावित परियोजना **कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजना** संचालनका लागि **संस्था मार्फत विउपुजी घुम्ती कोष कार्यक्रम** संचालनको लागि नगरपालिका भित्रका संस्थाहरु(कृषक समूह, सहकारी, संघ संस्था)लाई यो सुचना प्रकाशित गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र **कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजना अन्तरगत विउपुजी घुम्ती कोष संचालन कार्यक्रम कार्यबिधि, २०८२** को अनुसुचि - २ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित आवेदन र प्रस्ताव पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. संस्था दर्ताको प्रमाण पत्रको छायाँप्रति,
२. सस्थाको बिधान/विनियमको छायाँप्रति,
३. गत आ. व. को संस्थाको लेखा परिक्षण प्रतिवेदनको छायाँप्रति,
४. गत आ. व. सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण,
५. १० प्रतिशत रकम साझेदारी गर्ने प्रतिवद्धता पत्र,
६. संचालक समितिबाट संस्था मार्फत घुम्ती कोष कार्यक्रम संचालन गर्ने निर्णयको छायाँप्रति।

*नोट : कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजना अन्तरगत विउपुजी घुम्ती कोष संचालन कार्यक्रम कार्यबिधि, २०८२ यस नगरपालिकाको आधिकारीक Website; https://shuklagandakimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा नगरपालिकामा सम्पर्क गर्न सक्नुहुनेछ।*

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- २
## संस्थाहरूले पेश गर्ने आवेदनको ढाँचा

श्री कार्यालय प्रमुख ज्यू,
शुक्लागण्डकी नगर कार्यपालिकाको कार्यलय,दुलेगौंडा तनहुँ ।

विषयः **संस्था मार्फत घुम्ती कोष कार्यक्रम** संचालन गर्न प्रस्ताव पेश गरिएको ।

त्यस कार्यालयबाट मिति २०८२/...../.... मा प्रकाशित सूचना अनुसार यस ............................ .......................................... संस्थाले **संस्था मार्फत घुम्ती कोष कार्यक्रम** संचालन गर्न संस्थाका संचालक समिति/साधारण सभाले मिति २०८.../...../..... मा गरेको निर्णयानुसार र सूचनामा तोकिएको आवश्यक कागजात सहित **कृषि उत्पादन प्रोत्साहन तथा बजारीकरण परियोजना अन्तरगत घुम्ती कोष संचालन कार्यक्रम कार्यबिधि, २०८२** को शर्त तथा वन्देजहरु पालना गर्ने गरि यो दरखास्त पेश गरिएको छ ।

**आवेदक**

नाम, थर (अध्यक्ष वा प्रतिनिधि)
संस्थाको नाम र ठेगानाः
पद :
संस्थाको छापः
संस्थाको सम्पर्क नम्बरः
संस्थाको आधिकारिक ईमेल ठेगाना :
आवेदकको व्यक्तिगत सम्पर्क नम्बर :
आवेदकको व्यक्तिगत ईमेल ठेगाना :
दस्तखत :
मितिः

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत